लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, अर्घाखाँची
सन्धिखर्क, नेपाल

☎ ०७७-४२०७७३
☎ ९८५७०६३६११

प.सं. :- २०८२/०८३
च.नं.:-

नारायणदेव भट्टराई
सिनियर डिभिजनल वन अधिकृत

# वन अतिक्रमण नियन्त्रण सम्बन्धि सार्वजनिक सूचना

मितिः २०८३।०२।२७

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको **सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण** सम्बन्धको पत्रबाट अव देखि कुनै पनि ठाउँमा वन क्षेत्र अतिक्रमण हुन नदिन विशेष व्यवस्था मिलाउनु हुन र यस अघि कुनै पनि स्थानमा वन क्षेत्र अतिक्रमित गरिएको भएमा सो को पहिचान गरी के-कसरी हटाउन सकिन्छ, सम्बन्धित स्थानिय तहसँग समन्वय गरी योजना/कार्ययोजना समेत पेश गर्नु हुन भनि निर्देशन प्राप्त भएको सन्दर्भमा राष्ट्रिय वन क्षेत्रमा अनधिकृत रुपमा घर वा छाप्रो बनाउने, व्यवसाय सन्चालन गर्ने, अन्य पूर्वाधार निर्माण गर्ने, अतिक्रमण गर्ने लगायतका कार्य वन ऐन, २०७६ को दफा ४९ अनुसारको कसूर हुने र दफा ५० बमोजिमको सजाय हुने हुँदा ऐनले निषेध गरेका उल्लेखित कार्यहरु राष्ट्रिय वन क्षेत्रमा नगर्नु नगराउनु हुन र कोही कसैले गरे गराएको भए असार मसान्त भित्र खाली गराउनु हुन सम्बन्धित सवैमा अनुरोध छ । अन्यथा उल्लेखित कानूनी व्यवस्था बमोजिम कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै राष्ट्रिय वन क्षेत्रमा अनधिकृत रुपमा कोही कसैले उल्लेखित कार्यहरु गरी वन क्षेत्र अतिक्रमण गरे गराएको देखेमा वन अतिक्रमण भए/गरेको समय (हालसालै गरेको, विगत ५ वर्ष भित्र गरेको वा विगत १० वर्ष भित्र वा सो भन्दा पहिले गरेको) सम्बन्धि विवरण सहित २०८३।०३।३२ सम्म जिल्ला प्रशासन कार्यालय वा डिभिजन वन कार्यालय र मातहतका सव-डिभिजन वन कार्यालयहरु वा जिल्ला प्रहरी कार्यालय र मातहतका ईलाका/प्रहरी चौकीहरुमा सूचना दिनु हुन अनुरोध छ । यसरी सूचना दिनेको पहिचान गोप्य राखिने छ ।